वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ | संख्या : ६ | मिति : २०८२/०७/१३

## भाग : २

# पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः**

वीरेन्द्रनगर नगरपालिका भित्र व्यवसायिक र गैर व्यवसायिक रुपमा कृषि, पशुपन्छी तथा मत्स्यपालन गरेका कृषकहरुलाई व्यवस्थित र मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको कृषि र पशुपालन व्यवसायलाई मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जना गरी कृषि व्यवसायमा आकर्षण बढाउदै व्यवसायिक बनाउदै उत्पादन देखि बजारिकरणसम्मका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वियन गर्न उपर्युक्त भएकाले वीरेन्द्रनगर नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को परिच्छेद १३ को दफा ६२ बमोजिम वीरेन्द्रनगर नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२"** रहेको छ।

ख) यो कार्यविधि वीरेन्द्रनगर नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

. परिभाषाः

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. **"कार्ययोजना"** भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नका लागि साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावना सम्झनु पर्छ।

२. **"कृषक"** भन्नाले पशुपन्छी तथा मत्स्यपालन गर्ने किसानलाई सम्झनु पर्छ।

३. **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवाश्यकता र चाहाना भएका न्यूनतम १० वा बढीमा २५ सदस्य भएको र पशुपन्छी विकास शाखामा दर्ता भएको पशुपालन समूहलाई सम्झनु पर्दछ।

४. **"फर्म"** भन्नाले पशुपन्छी, मत्स्य, पशु पोषण (घाँस) सम्बन्धी व्यबसाय नियमानुसार दर्ता भई उद्देश्य खुलेको र सोही बमोजिम उत्पादन, बजारिकरण गरिरहेको व्यबसायलाई सम्झनु पर्छ।

५. **"डेरी पसल"** भन्नाले व्यवसायिक रुपमा दुध र दुग्धजन्य पदार्थ खरिद बिक्रि गर्ने स्थान सम्झनु पर्छ।

६. **"नगरपालिका"** भन्नाले वीरेन्द्रनगर नगरपालिकालाई सम्झनु पर्छ।

७. **"प्राविधिक"** भन्नाले पशु विज्ञान विषयमा कम्तिमा SEE वा सो सरह उत्तीर्ण गरेको व्यक्ति सम्झनु पर्छ।

८. **"मासु पसल"** भन्नाले व्यवसायिक रुपमा पशु वा पन्छीको मासु बिक्रि गर्ने स्थान सम्झनु पर्छ।

९. **"लागत सहभागिता"** भन्नाले सहभागी कृषक, फर्म, कृषक समूह र सहकारीले व्यहोर्ने कार्यक्रम अनुसारको रकम भनी सम्झनु पर्छ।

१०. **"विशेषज्ञ"** भन्नाले कम्तिमा पशु चिकित्सा, प्रशु विज्ञान र मत्स्य बिज्ञान बिषयमा स्नातक तह उत्तिर्ण गरेको व्यक्ति सम्झनु पर्छ।

११. **"शाखा"** भन्नाले वीरेन्द्रनगर नगरपालिकामा रहेको पशुपन्छी विकास शाखा भनी सम्झनु पर्छ।

१२. **"साझेदार"** भन्नाले पशुपन्छी विकास सम्बन्धी कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक कृषक, कृषक समूह, समिति, सहकारी, फार्म, कम्पनी समेतलाई जनाउँदछ।

१३. **"अनुदान"** भन्नाले उत्पादन, प्रशोधन, मूल्यश्रृँखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकिकरण, विविधिकरण, व्यवसायिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामग्री र उपकरण सम्झनु पर्दछ।

"[illegible]" भन्नाले ३५ दिने पशु स्वास्थ्य सम्बन्धी तालिम लिई प्रमाण पत्र

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

१. नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने।
२. पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आयआर्जन र पोषण सुरक्षामा टेवा पुऱ्याउने।
३. जनचेतना अभिबृद्धिबाट स्वस्थ, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धि गरी उपभोक्तासम्म पुऱ्याउन असल व्यवस्थापन अभ्यासलाई प्रोत्साहन गर्ने।
४. पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादनलाई बजारिकरण तथा विविधिकरणमा जोड दिदै मूल्य श्रृखंलामा जोड दिने।
५. खाद्य तथा पोषण सुरक्षा तथा गरिबी निवारणमा टेवा पुऱ्याउने।
६. उन्नत श्रोत केन्द्रहरुको बिस्तार गरी पशुपन्छी, मत्स्य र घाँसमा आत्म निर्भर बनाई उत्पादन लागत कम गर्ने।
७. बिपन्न महिला, दलित तथा अन्य बिपन्न वर्गका परिवारहरुलाई पशुपालन व्यबसायमा संलग्न गराउने, कृषकहरुको बित्तिय पहुँच अभिबृद्धि गर्ने र उनीहरुले उत्पादन गरेका पशुजन्य पदार्थहरुलाई बजारिकरण गर्न सहजिकरण गर्ने लगायतका गतिविधिहरु मार्फत कार्यक्रममा संलग्न घरधुरीको आयस्तरमा सुधार गर्ने।

## परिच्छेद-२
## पशु स्वास्थ्य सेवा कार्यक्रम

**४. पशु स्वास्थ्य कार्यक्रमहरुः**

नगरपालिकामा रहेको शाखाले निम्न कार्यक्रमहरु सञ्चालन गर्नेछ।

- पशु स्वास्थ्य व्यवस्थापनका लागि औषधी उपचार सेवा
- बिभिन्न रोगको पशुपन्छी खोप सेवा
- पशु स्वास्थ्य शिबिर कार्यक्रम
- सामुदायिक कुकुर नियन्त्रण र बन्ध्याकरण कार्यक्रम
- आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण/जैविक सुरक्षा
- गोबर परिक्षण सेवा
- आकस्मिक रोग नियन्त्रण सेवा

- **पशु स्वास्थ्य व्यवस्थापनका लागि औषधी खरिद तथा उपचार कार्यक्रमः-**
  उद्देश्यः- नगरपालिका क्षेत्रमा रहेका पशुपन्छीको लागि आबश्यक पर्ने महत्वपूर्ण औषधीहरु खरिद गरी पशुपन्छीहरुको औषधी उपचार गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो। जसले पशुपन्छीहरुको स्वास्थ्य व्यबस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

. कार्यक्रम सञ्चालन प्रक्रियाः

१. शाखाले स्थानीय कृषकहरुको आवश्यकता र मागको आधारमा साथै सम्भावित पशु बस्तुहरुको रोगको जोखिम न्यूनिकरण गर्न अकस्मात देखा पर्न सक्ने रोगको बिश्लेषणको आधारमा पशु औषधी खरिद गर्न सकिनेछ।
२. पशुपन्छी औषधी खरिदको लागि शाखाले नगरपालिकामा सूचीकृत एग्रोभेट, सप्लायर्स तथा कम्पनी प्रा.लि.लाई आबश्यक औषधीहरुको न्यूनतम मूल्यसूची माग गरी प्राप्त मूल्यमा सबैभन्दा कम मूल्यमा दिने फर्मको मूल्य राखी माग फाराम भर्नु पर्नेछ।
३. माग फाराम स्वीकृत पश्चात एक लाख भन्दा कम बजेट भएमा माग फाराम अनुसार खरिद गर्न सकिनेछ। यदि एक लाख भन्दा बढी बजेट भएमा कम्तिमा ३ वटा फर्मलाई औषधी विवरण सहित ७ दिने कोटेशन माग गरिनेछ।
४. कोटेशन प्राप्त भई सकेपछि खरिद समितिको बैठक बसी तुलनात्मक चार्ट तयार गरी सबैभन्दा कम मूल्य कायम भएको फर्मलाई खरिदको लागि सिफारिस गरिनेछ।
५. माथि उल्लेखित तुलनात्मक चार्टको खरिद समितिको गरेको सारभुत बिश्लेषण अनुसार जिन्सी शाखाले खरिद आदेश बनाउने छ।
६. खरिद आदेशलाई शाखा र जिन्सी शाखाले सिफारिस गरी कार्यालय प्रमुखलाई स्वीकृतिको लागि पेश गरी स्वीकृत भई सकेपछि सम्बन्धित फर्मलाई ५ दिन भित्र खरिद आदेश बमोजिम औषधी सुरक्षित तरिकाले नगरपालिकामा पान/भ्याट बिलको साथै भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ।
७. प्राप्त औषधीहरु जिन्सी शाखामा दाखिला गरी दाखिला प्रतिवेदन साथ सम्बन्धित फर्मलाई बैंक खातामा भुक्तानीका लागि कार्यालय प्रमुख समक्ष पेश गर्नेछ।
८. आर्थिक कार्यविधिमा उल्लेख भए बमोजिम शाखाले कृषकहरुलाई शाखामा उपलब्ध औषधीहरु आर्थिक कार्यविधिमा उल्लेख भए बमोजिम पशुपन्छी दर्ता शुल्क, प्रयोगशाला परिक्षण सेवा शुल्क, बन्ध्याकरण सेवा शुल्क, मृत्यू प्रमाणित सेवा शुल्क, अन्य सिफारिस सेवा शुल्क, समूह दर्ता/नविकरण शुल्क लिई सेवा प्रदान गरिनेछ।
९. शाखाले सेवा बापत उठेको शुल्क नगरको राजस्व खाता नम्बर ४०८०१००३०१०१०००४ मा जम्मा गर्नेछ।
१०. शाखाले अन्य कार्यालय तथा विकास साझेदार संस्थाहरुसँग समन्वय, सहयोग एवम् सहकार्य गर्न सक्नेछ।

- पशुमा लाग्ने बिभिन्न किसिमका महामारीजन्य रोग बिरुद्ध खोपः-

उद्देश्यः- बिभिन्न पशुपन्छीहरुमा जिवाणु र बिषाणुबाट लाग्ने महामारीजन्य रोगले पशुहरुलाई रोग उत्पन्न गरी पशुपन्छीहरुको मृत्यू हुने गर्दछ। त्यसकारण कृषकहरुको क्षतिलाई न्यूनिकरण गर्न तोकिएको रोग बिरुद्द तोकिएको अवधिसम्म रोग प्रतिरोधात्मक क्षमता उत्पन्न गराई रोग लागनबाट जनावरलाई बचाउनु खोपको मुख्य उद्देश्य हो।

६. कार्यक्रम सञ्चालन प्रक्रियाः-

१. शाखाले खोप लगाउने खोपकर्ता ग्रा.प.स्वा.का./भेटेरिनरी जेटि/जेटिए पास गरी बेरोजगार बसेका वा सम्बन्धित वडामा पशु स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई खोप लगाउनको लागि निवेदन तथा आबश्यक प्रमाण पत्र पेश गर्न सूचना प्रकाशित गरिनेछ। बिगत बर्षहरुमा खोप लगाएका खोपकर्तालाई प्राथमिकता दिइनेछ।
२. खोपकर्तासँग शाखाले करार सम्झौता गर्छ। यो सम्झौता खोप लगाउने अवधिसम्मको रहनेछ र खोप लगाउने कार्य सम्पन्न भई सकेपछि स्वतः रद्द हुनेछ।
३. यसरी खोप कार्यक्रमहरु सञ्चालन गर्दा खोपकर्तालाई सेवा शुल्क बापत गाई, भैंसी, बंगुर र कुकुर प्रति गोटा २० रुपैयाँ, भेडा र बाख्रा प्रति गोटा १० रुपैयाँ र कुखुरा प्रति गोटा १ रुपैयाँ खोप लगाई खोप प्रतिवेदन वडाबाट प्रमाणित भए पश्चात भुक्तानी दिनु पर्नेछ।

- पशु स्वास्थ्य तथा परजिवी नियन्त्रण शिविर

७. कार्यक्रम सञ्चालन प्रक्रियाः-

१. पशु स्वास्थ्य व्यबस्थापनको लागि औषधी खरिद प्रक्रिया बमोजिम शिविरको लागि औषधी खरिद गर्नु पर्नेछ।
२. पशु स्वास्थ्य शिविर सञ्चालन गर्न तोकिएको वडामा शिविर गर्ने स्थानको लागि वडा कार्यालयमा पत्राचार गर्ने साथै सूचना प्रशारणको लागि वडालाई अनुरोध गर्ने।
३. तोकिएको स्थानमा सम्बन्धित वडा अध्यक्ष वा प्रतिनिधिको उपस्थितिमा शिविर कार्यक्रम सञ्चालन गर्ने।
४. शिविरमा आएका पशु बस्तुलाई निःशुल्क औषधी उपचार तथा खोप सेवा प्रदान गर्ने र टाढाबाट पशु बस्तु ल्याउन नसक्ने कृषक उपस्थित भएमा समस्या अनुसार औषधी वितरण गर्ने।
५. शिविर सञ्चालन गर्न भेटेरिनरी डाक्टर तथा अन्य प्राविधिक कर्मचारीहरुलाई खाजा, खाना तथा शिविर भत्ता/दैनिक भ्रमण भत्ता र यातायात खर्च गर्न सकिनेछ।

- **कुकुर बन्ध्याकरण शिविर कार्यक्रम**

**उद्देश्यः-** नगर क्षेत्रमा रहेका सामुदायिक तथा घरुपालुवा कुकुर (भाले पोथी)को बन्ध्याकरण गरी कुकुरको संख्या नियन्त्रण तथा कुकुरबाट हुन सक्ने संक्रामक रोगको न्यूनिकरण गर्नु रहेको छ।

कार्यक्रम सञ्चालन प्रक्रियाः-

१. कार्यक्रम सञ्चालनका लागि आर्थिक विकास समितिको निर्णय।
२. कुकुर बन्ध्याकरणका लागि कोटेशन माग।
३. कोटेशनको तुलनात्मक चार्ट बनाई सबैभन्दा कम दररेट पेश गरेको पाटीलाई छनौट गरी सम्झौता गर्ने।
४. कुकुर बन्ध्याकरण शिविर सञ्चालन गर्ने।
५. छनौट भएको पाटीले सम्झौता बमोजिम कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानी माग गर्नु पर्नेछ।
६. भुक्तानीका लागि पशुपन्छी विकास शाखाले टिप्पणी कार्यालयमा पेश गर्नेछ।

## परिच्छेद-३
## बिभिन्न कार्यक्रम अनुगमन

**[व]िभिन्न कार्यक्रम अनुगमनः-** शाखाबाट सम्पादन गर्नु पर्ने बिभिन्न कार्यक्रमहरु जस्तैः मासु [प]सल, डेरी पसल, एग्रोभेट, पशुपन्छी तथा मत्स्यपालन फर्म, पशुपन्छीपालन समूह, गौशाला, [द]धशाला, वडा कार्यालयमा रहेका पशुपन्छी इकाई लगायत पशुपन्छीसँग सम्बन्धित शाखाका [क]ार्यक्रमको प्रभावकारिता, उत्पादन र उत्पादकत्व, निकासी र पैठारी, पशुपन्छीको खोप, कृतिम [ग]र्भाधान र त्यसको प्रभावकारिता, पशु पोषण अन्तर्गत घाँस खेती तथा उत्पादनको आबश्यकता [अ]नुसार नगरको अनुगमन समिति, आर्थिक विकास समिति र पशुपन्छी विकास शाखाले अनुगमन [त]था नियमन गर्नेछ। अनुगमनका क्रममा नगरपालिकाबाट तोकिए बमोजिमको खाना, खाजा, [य]ातायात र बैठक एवम् अनुगमन भत्ता उपलब्ध गराउन सकिनेछ।

**[९]. कार्यक्रम सञ्चालन प्रक्रियाः**

आर्थिक विकास समितिको निर्णय अनुसार बिधि र प्रक्रिया पुऱ्याई आवश्यकताको आधारमा बिभिन्न कार्यक्रमहरु अनुगमन गरी सोको प्रतिवेदन पशुपन्छी विकास शाखाले कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-४
## कृषकस्तरिय २ दिने पशुपन्छीपालन तालिम कार्यक्रम

**उद्देश्यः**

१. पशुपन्छी तथा मत्स्यपालनको समस्या पहिचान गरी समाधान गर्ने।
२. तालिमका सहभागीहरुलाई पशुपन्छी तथा मत्स्यपालन व्यबसायको पशुपन्छीजन्य पदार्थको उत्पादनमा नविनतम र उपयुक्त प्रविधि बारे ज्ञान सिप र सकारात्मक धारणाको विकास गर्ने।

**१०. कार्यक्रम सञ्चालन प्रक्रियाः**

क. कृषकस्तरिय तालिममा सहभागी हुने कृषक छनौट सम्बन्धित वडा कार्यालयले गर्नेछ।
ख. तालिमको बिषयबस्तुसँग मेल खाने फर्म/समूह/सहकारी/कृषक हुनु पर्नेछ।
ग. तालिममा सिकेका कुराहरु अरुलाई सहजै सिकाउन सक्ने, साधारण लेखपढ गर्ने कृषक हुनु पर्दछ।
घ. तालिममा सहभागी हुने कृषक उक्त प्रकृतिको तालिममा हालसम्म सहभागी नभएको हुनु पर्नेछ।
ङ. तालिम सञ्चालनका लागि आबश्यक पर्ने हल सम्बन्धित वडा कार्यालयले उपलब्ध गराउनु पर्ने वा व्यबस्था मिलाउनु पर्नेछ।
च. सहभागीहरुको संख्या कम्तिमा १५ जना र बढीमा २० जना हुनु पर्नेछ।
छ. सहभागीहरुलाई नियमानुसारको आतेजाते खर्च रकम यस नगरपालिकाको शाखाले उपलब्ध गराउनेछ र प्रशिक्षकको लागि शाखामा उपलब्ध प्रशिक्षक उपलब्ध भए शाखाबाट व्यबस्थापन गर्ने र नगरको तालिम कार्यविधि अनुसार तालिम भत्ता उपलब्ध गराउने सक्नेछ।

## परिच्छेद-५
## वडामा कार्यरत प्राविधिकहरुसँग समन्वय बैठक कार्यक्रम

**उद्देश्यः**-वडा र शाखामा रहेका प्राविधिक कर्मचारीहरु बिच देखिएका समस्याहरुको बारेमा छलफल भई आगामी कार्ययोजना बनाई कार्य सञ्चालन गर्न सहज हुने।

**११. कार्यक्रम सञ्चालन प्रक्रियाः**

- हरेक त्रैमासिकको एक पटक वडा कार्यालयमा रहेको पशु सेवा एकाईमा कार्यरत प्राविधिक कर्मचारीहरुको उपस्थितिमा शाखामा समन्वय बैठक सञ्चालन हुनेछ।
- प्राविधिक कर्मचारीहरुलाई समन्वय बैठकमा आउँदा र जाँदा लाग्ने यातायात खर्च नियमानुसार शाखाले उपलब्ध गराउनेछ।
- बैठक सञ्चालन भएको दिनमा वडा र शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरु नियमानुसारको खाजा शाखाबाट उपलब्ध गराइनेछ।
- बैठकमा आउँदा वडामा कार्यरत प्राविधिकले त्रैमासिक प्रगति/इपिडिमियोलोजी प्रगति लगायत वडाको पशुपालनको अबस्थाको बारेमा प्रगति प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ।
- बैठक भत्ता नगरपालिकाको नियमानुसार उपलब्ध गराइनेछ।

## परिच्छेद-६

### ...तिम गर्भाधानबाट बाच्छा/बाच्छी/पाडा/पाडी जन्माउने गाई/भैंसीलाई सुत्केरी पोषण कोसेली कार्यक्रम

...श्यः कृतिम गर्भाधान कार्यलाई अझै थप प्रभावकारी बनाई स्थानीय पशुहरुको नश्ल सुधार ...ई कृतिम गर्भाधान गर्ने कृषकहरुलाई राहत स्वरुप व्यबसायमा अझै थप उत्साह ल्याउन र पशु ...षणमा सुधार गरी दुध उत्पादनमा बृद्धि गर्दै नगरलाई दुधमा आत्मनिर्भर बनाउने मुख्य उद्देश्य ...केको छ।

१२. **कार्यक्रम सञ्चालन प्रक्रियाः**

१. कार्यक्रम सञ्चालन गर्नको लागि आर्थिक विकास समितिको निर्णय।
२. सूचना प्रकाशन प्रत्येक त्रैमासिकमा गरिनेछ।
३. निवेदनहरु संकलन तथा सूची तयारी गर्नु पर्नेछ।
४. नियमानुसार पशु पोषण सामाग्रीहरु खरिद गर्नु पर्नेछ।
५. अनुगमन र प्रतिवेदन पेश गर्नु पर्नेछ।
६. पशु पोषण कोसेली प्राप्त गर्ने कृषक छनौटको लागि आर्थिक विकास समितिको निर्णय गर्नु पर्नेछ।
७. पशु पोषण कोसेली बितरण गर्ने।

**पशु पोषण कोसेली कार्यक्रममा सहभागिताको लागि आवश्यक पर्ने कागजातहरु**

१. निवेदन।
२. प्रमाणित कृतिम गर्भाधान कार्ड।
३. ब्याएको तत्कालको माउसँगै बच्चा र पशु धनीको संयुक्त एक प्रति फोटो।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

## परिच्छेद-७

### बाख्रा श्रोत केन्द्र स्थापनाको लागि आवश्यक कार्यक्रम सञ्चालन कार्यक्रम

उद्देश्यः -बाख्राको श्रोत केन्द्र स्थापना गरी श्रोत केन्द्रबाट उत्पादन भएका बाख्रा/खसी/बोका निर्यात भई कृषकहरुको आयआर्जनमा बृद्धि हुने।

१३. कार्यक्रम सञ्चालन प्रक्रियाः

१. संभाव्यता अध्ययनका लागि स्थलगत अनुगमन गर्ने।
२. संभाव्यता अध्ययन अनुगमन प्रतिवेदन आर्थिक विकास समितिमा पेश गरी निर्णय गर्ने।
३. ...छनौट पश्चात वडा कार्यालय मार्फत कृषक छनौट गर्ने।
४. छनौट भएका कृषकहरुलाई बाख्रा श्रोत केन्द्रका बारेमा स्थलगत तालिम (एक दिने) सञ्चालन गर्ने।
५. छनौट भएका कृषकहरुलाई आन्तरिक तथा बाह्य परजिवी नियन्त्रणका लागि औषधी वितरण गर्ने।
६. बाख्रा श्रोत केन्द्रमा रेकर्ड व्यबस्थापनका लागि आबश्यक सामाग्रीहरु वितरण गर्ने।

## परिच्छेद-८

### नगर क्षेत्र भित्र खोरेत रोग नियन्त्रणका लागि जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी आबश्यक कार्यक्रम सञ्चालन कार्यक्रम

उद्देश्यः वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा खोरेत रोगलाई उन्मुलन उन्मुखमा सहयोग पुग्ने।

१४. **कार्यक्रम सञ्चालन प्रक्रियाः**

१. पशुहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने।
२. खोरेत रोग बिरुद्धको खोप अभियानका रुपमा सञ्चालन गर्ने।
३. खोप तथा लजिस्टिक सम्बन्धी सामाग्रीहरु खरिद गरी खोपकर्ता परिचालन गर्ने।
४. स्थलगत खोप अनुगमन शाखाले गर्ने।
५. माथि उल्लिखित कार्यक्रम सञ्चालन गर्दा भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतसँग समन्वय र सहकार्य गर्ने।

## परिच्छेद-९

### विविध

१५. यस कार्यविधिमा उल्लेख भएका व्यहोराहरू यसै बमोजिम र नभएका सर्त वा व्यहोराहरू प्रचलित कानून बमोजिम हुनेछ।

१६. यस कार्यविधिमा उल्लेखित अनुदान सहयोग सुविधा प्रदान गर्दा बार्षिक स्वीकृत कार्यक्रममा बिनियोजित बजेटको परिधि भित्र रही प्राथमिकताको आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१७. यस कार्यविधि अनुसार उपलब्ध गराईएको सहयोग शर्त तथा योजना अनुसार खर्च गरेको वा सम्झौता अनुसार लगानी गरेको वा कार्य गरेको नपाईएमा अनुगमन तथा मूल्याङ्कन समितिलें उक्त सहयोग रोक्का गर्ने, भविष्यमा निजलाई यस कार्यविधि अनुसार सहयोग नगर्ने, कार्यविधि अनुसार सहयोग गरेको रकम सरकारी बाकी सरह असुल गर्ने जस्ता कारवाही गर्न सक्नेछ।

१८. यस कार्यविधिको व्याख्यामा कुनै द्बिविधा भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ।

१९. यो कार्यविधि नगरपालिकाले आबश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**वीरेन्द्रनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

पशुपन्छी विकास शाखा, सुर्खेत

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः- ............................

यस नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम ................................ ........................................... अनुसार निम्न लिखित कार्यक्रमहरु पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम लागत सहभागितामा कार्य गर्न ईच्छुक व्यवसायिक फार्म, कृषक समूह, कम्पनी, निजी उधमी, सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-२

**निवेदनको ढाँचा**

श्री शाखा प्रमुखज्यू,
पशुपन्छी विकास शाखा
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

बिषयः कार्ययोजना पेश सम्बन्धमा।

महोदय,

सेवामा निवेदन गर्नाको कारण यो छ कि तहाँ नगरपालिकाको मिति ................. गते प्रकाशित सूचना अनुसार मैले/हामी निवेदकले ...................................................... कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौ।

निवेदकः
नामः ..........................................
ठेगानाः ........................................
फर्मको नामः ...............................
दस्तखतः ......................................
मितिः ..........................................
सम्पर्क नं. : .................................

## अनुसूची-३
## व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसूची २ अनुसारको ढाँचामा निवेदन
३. अनुसूची ४ अनुसारको बिस्तृत व्यवसायिक कार्ययोजना
४. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि)
५. प्रचलित कानून अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
६. वडा कार्यालयमा व्यबसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
७. स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
८. प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र
९. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
१०. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
११. औजार उपकरण खरिदको हकमा कोटेशन।



## अनुसूची-४
## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नाम :..........................................................................................
उधमी/ समूहको नाम :.......................................... सम्पर्क नम्बर :...............................
ठेगाना :.......................................... गाँउ/टोल :........................ वडा नं. :........

व्यवसायको परिचयः-

१. उद्देश्यहरुः
२. पशुपन्छीपालनको अबस्थाः
३. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः
४. तालिम सम्बन्धी विवरणः
५. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | माग गरिएको अनुदान रकम रु. | निजी लगानी रु. | जम्मा लगानी रु. | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. व्यवसायउत्पादन हुने बस्तुः
७. उत्पादित वस्तुको परिमाणः
८. बजारयोग्य परिमाणः
९. व्यवसायको वातावरणीय उपयुक्तताः
१०. उत्पादित बस्तुको बजार योजनाः
११. थप आधारहरु
- उपलब्ध जग्गाको क्षेत्रफल
- अपेक्षित प्रतिफल
- व्यवसायको लागि श्रमको व्यवस्थापन
  - (क) पारिवारिकः
  - (ख) बाहिरबाटः
  - (ग) दुवैतर्फबाटः

दस्तखत गर्नेको

नामः....................................... संस्थाको छापः ....................................
पदः ....................................... दस्तखतः ....................................
मितिः .......................................

## अनुसूची-५
### प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. जिल्ला : २. आवेदक संस्थाको नाम :

३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना :

४. प्रस्तावित कार्यक्रमको नाम :

५. मूल्याङ्कनको आधारहरु :

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १ | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | | | |
| क | सडक, बिजुली, पानीको सुविधा भएको | १० | | |
| ख | जगाको स्वामित्व भएको | १० | | |
| २ | **व्यवसाय सम्बन्धी अनुभव** | | | |
| क | ३ वर्ष भन्दा कम | ३ | | |
| ख | ३ देखि ५ वर्ष | ५ | | |
| ग | ५ वर्ष भन्दा माथी | ७ | | |
| ३ | **रोजगारीको अवस्था** | | | |
| क | कम्तिमा ३ जनासम्म | ६ | | |
| ख | ३ भन्दा बढी | ९ | | |
| ४ | **जैविक सुरक्षाको व्यवस्थापन** | | | |
| क | राम्रो | १० | | |
| ख | ठिकै | ५ | | |
| ५ | **फोहर व्यवस्थापन गरेको** | | | |
| क | धेरै राम्रो | १० | | |
| ख | राम्रो | ६ | | |
| ग | सामान्य | ४ | | |
| ६ | **प्रस्तावको आबश्यक कागजात प्रक्रिया पुगेको** | १५ | | |
| | **जम्मा** | १०० | | |

२. स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरु :

३. स्थलगत अनुगमन टोलीको राय :

अनुगमन मिति : कृषकको नाम :

अनुगमनकर्ताको नाम र पद : ठेगाना :

१. हस्ताक्षर :

२.

३.



## अनुसूची-६
### सम्झौता पत्रको ढाँचा

वीरेन्द्रनगर नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र बिशिष्टताको आधारमा छनौट भएका कृषक, कृषक समूह वा सहकारी (यसपछि दोश्रो पक्ष) भनिने बिच तपसिलको शर्तहरु पालना गर्ने/गराउने गरी यो द्बिपक्षिय सम्झौता गरिएको छ।

**तपसिल**

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु. .................... (अक्षेरुपी ............................................) मध्ये बढीमा ५० प्रतिशतले हुन आउने रु. ................. (अक्षेरुपी ............................................) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोश्रो पक्षले व्यहोर्नु पर्नेछ।

३. कार्य प्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईनेछ।

४. दोश्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामाग्री खरिद गर्न पाउने छैन।

५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ्ग बोर्ड राख्नु पर्नेछ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरी स्टिकर टाँस गर्नु पर्नेछ।

६. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्नेछ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भबितब्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

८. सम्झौता भएको मितिले ७ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरी सक्नु पर्नेछ। यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ।

९. दोश्रो पक्षले यहि मिति .................................. भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु पर्नेछ।

१०. दोश्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिई सके पछि कम्तिमा पनि ५ बर्ष व्यवसाय गर्नु पर्नेछ यदि व्यवसाय सञ्चालन नगरेमा प्रचलित कानून बमोजिम हुनेछ।

११. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ।

उल्लेखित शर्तहरु पालना गर्न/गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरी लियौं/दियौं।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम, थरः |
| ठेगानाः | पदः |
| पदः | |
| संस्थाको नाम र छापः | कार्यालयको छापः |

इति सम्बत् ............ साल .......... महिना .......गते रोज ............ शुभम्।

आज्ञाले,
**लक्ष्मी प्रसाद बास्कोटा**
प्रमुख प्रशासकीय अधिकृत

पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२, मूल्य रू.१०।-